NIC ASIA CAPITAL

idea to iPO
Connecting the dots...

# प्रेस विज्ञप्ति
# आश्विन २, २०८०

## बुद्धभुमि नेपाल हाईड्रोपावर कम्पनी लिमिटेडको हकप्रद शेयर निष्काशन सम्बन्धी कार्य गर्न एन आई सी एशिया क्यापिटल निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त ।



बुद्धभुमि नेपाल हाईड्रोपावर कम्पनी लिमिटेडले भविष्यमा निष्काशन गर्ने हकप्रद शेयरको सम्बन्धमा परामर्श सेवा सहित निष्काशन हुने हकप्रद शेयरको निष्काशन तथा बिक्री प्रबन्ध गर्ने गरी एन आई सी एशिया क्यापिटल लिमिटेड र बुद्धभुमि नेपाल हाईड्रोपावर कम्पनी लिमिटेड बीच दुई पक्षिय सम्झौता सम्पन्न भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । उक्त सम्झौता पत्र बुद्धभुमि नेपाल हाईड्रोपावर कम्पनी लिमिटेडको संचालकहरुको उपस्थितिमा कम्पनीको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री शेखर कुमार सुवेदीज्यू र क्यापिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री रामेन्द्र रायमाझीज्यूले हस्ताक्षर गर्नु भएको छ ।

उक्त सम्झौता अनुसार क्यापिटलले बुद्धभुमि नेपाल हाईड्रोपावर कम्पनी लिमिटेडले हकप्रद शेयर निष्काशन प्रकृया अगाडी बढाउनको लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउनुको साथै सम्बन्धित नियमनकारी निकायहरुमा हकप्रद शेयर निष्काशन प्रकृया अगाडी बढाउदा आवश्यक पर्ने कागजातहरु र अन्य विवरण तयार गर्न सहजीकरण गरी हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु तयार गरी नेपाल धितोपत्र बोर्डमा "हकप्रद शेयर निष्काशन सम्बन्धी विवरण-पत्र" स्वीकृतिको लागि पेश गर्ने लगायतका हकप्रद शेयर निष्काशन सम्बन्धी सम्पूर्ण कार्य क्यापिटलले गरिदिने व्यहोरा जानकारी गराईन्छ ।

एन आई सी एशिया क्यापिटलले "IDEA to IPO" सेवा अन्तर्गत प्रा.लि. लाई पब्लिक कम्पनीमा परिणत गरी साधारण शेयर निष्काशन सम्मको कार्य गरिदिने तथा हकप्रद शेयर निष्काशन गर्न चाहने कम्पनीहरुलाई हकप्रद शेयर निष्काशन सम्बन्धमा आवश्यक परामर्श सेवा संचालन गरिरहेको हुँदा उक्त सेवा लिन चाहने कम्पनीहरुले क्यापिटलका प्रमुख मर्चेण्ट बैंकिङ्ग श्री दामोदर रायमाझीज्यूलाई मोवाइल नं.९८५११८४९७९ मा सोझै सम्पर्क गर्न सकिने व्यहोरा समेत सहर्ष जानकारी गराउदछौं ।

रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली
एक DEMAT खाता

मेरो लगानी,
मेरो भविष्य